# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

## बैठक - ३२

मितिः २०७७/०१/१० गते दिनको २:०० बजे

निर्णयहरु:

१ सार्वजनिक लेखा समितिको मिति २०७६/१२/०५ गते बैठकले मिति २०७७/०१/१५ गते भित्र प्रतिवेदन पेश गर्ने गरी "बार्षिक प्रतिवेदन मस्यौदा उपसमिति" र मिति २०७७/०१/०७ गते भित्र प्रतिवेदन पेश गर्ने गरी "प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति" र "प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति" गठन गरिएकोमा कोरोना भाइरस (COVID-19) को विश्वव्यापि महामारीको कारण देश नै बन्दाबन्दीको अवस्थामा गएकोले तोकिएको समय-सीमा भित्र उपसमितिले कुनै काम गर्न नसकेका कारण तीन वटै उपसमितिको म्याद एक महिनाको लागि थप गर्ने निर्णय गरियो।

२ विश्वव्यापि महामारीको रुपमा फैलिएको कोरोना भाइरस अर्थात् COVID-19 को रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकारले चालेको कदम, भावी कार्यदिशा तथा सो को लागि स्थापित कोषको परिचालन, मितव्ययिता र पारदर्शिताका सन्दर्भमा भएको व्यापक छलफल पश्चात् प्रदेश सरकारलाई तत्काल देहाय बमोजिम कदम चाल्न निर्देशन दिने निर्णय गरियो।

१. कतिपय जिल्लाका स्वास्थ्य इलाकामा PPE, मास्क, पञ्जा तथा औषधी लगायतका स्वास्थ्य सामाग्रीको अभाव रहेको र केहीले आफैं खरिद गरी ल्याएकोमा त्यसले पनि अपुग भएकोले आवश्यक स्वास्थ्य सामाग्री तत्काल उपलब्ध गराउने।

२. सबै ठाउँमा निश्चित मापदण्ड पूरा गरी एकद्धार प्रणालीबाट राहत वितरण कार्य नभएको र कतिपय स्थानमा लक्षित वर्गले राहत नपाएको भन्ने जनगुनासो आएकोले सो को

प्रभावकारी अनुगमन गरी निश्चित मापदण्डका आधारमा लक्षित वर्गले राहत प्राप्त गर्ने व्यवस्था मिलाउने।

३. विभिन्न स्थानमा अझै पनि कतिपय मजदुर तथा सर्वसाधारण नागरिकहरु अलपत्र परेको समाचार बारम्बार प्रकाशन भएकोले प्रदेश सरकारले संघीय सरकार र स्थानीय तहसँग समन्वय एवम् परामर्श गरी उनीहरुलाई गन्तव्यसम्म पुग्ने व्यवस्था मिलाउने।

४. बन्दाबन्दीको समयमा डिपार्टमेन्टल स्टोर तथा केही किराना पसल र औषधी पसलहरुले म्याद गुज्रेका र चर्को मूल्यमा दैनिक उपभोग्य वस्तु लगायत स्वास्थ्य सामाग्री बिक्रि-वितरण गरेको जनगुनासो आएकोले सो को प्रभावकारी अनुगमन गरी कारवाहीको दायरामा ल्याउने।

५. COVID-19 को कारण देशका सबै क्षेत्र ठप्प भएको हुँदा कुनै पनि उत्पादनका कार्य नभएकोले प्रदेश सरकारले खाद्य संकटको जोखिम निम्तिन सक्ने अवस्थालाई मध्यनजर गर्दै कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कृषकलाई मल, बीउ-विजन, प्रविधि उपलब्ध गराउने लगायत ठूला कृषि परियोजनाका कार्यक्रम तत्काल अगाडि बढाउने।

६. आवश्यक सुरक्षा सामाग्रीको प्रयोग र सामाजिक दूरी कायम गर्दै विकास निर्माणको कार्यलाई अगाडि बढाउने।

७. कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रदेश राहत कोषमा हालसम्म के कति रकम जम्मा भयो र सो कोषबाट भएको खर्चको यथार्थ जानकारी समितिलाई उपलब्ध गराउने।

८. प्रदेश मन्त्रालय,  सचिवालय,  विभाग, आयोग तथा अन्य निकायमा भएको तत्काल खर्च गर्न नसकिने र खर्च गर्न आवश्यक नभएको विभिन्न कार्यक्रम खर्चको बजेट र सांसद पूर्वाधार विकास कार्यक्रमको सम्झौता हुन बाँकी रकम कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रदेश राहत कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने।